नेपाल सरकार
भूमि व्यवस्था कृषि तथा सहकारी मन्त्रालय
पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

फोन नं.:-०२१४७०९२४
e-mail :-lfdbrt@gmail.com

प.सं.२०७६/७७ च.नं. ४९८ मितिः-२०७६/०९/०७

विषयः- सुचना टांस सम्वन्धमा ।

श्री भेटेरीनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्र
झापा, पांचथर, मोरगं, सुनसरी, धनकुटा,
संखुवासभा, ओखलढुगां र उदयपुर ।

प्रस्तुत विषयमा यस निर्देशनालयको प्रस्ताव आह्वान सम्वन्धी सूचना मिति २०७६/०९/०७ गतेको नेपाल समाचार पत्र पत्रीकामा सूचना प्रकाशन गरिएकोले सो सूचना, निवेदनको ढांचा र व्यवसायीक कार्य योजना यसै साथ संलग्न राखी पठाइएको छ, सुचना त्यस विज्ञ केन्द्र अन्तर्गतका सवै स्थानिय निकायको वडा सम्म पुग्ने गरी प्रचार प्रसार गरी सहयोग गरी दिनु हुन निर्देशानुसार अनुरोध छ ।

२०७६।९।७

पशु चिकित्सक
अधिकृत स्तर आठौं

प्रदेश सरकार
भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय

# पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय

प्रदेश नं. १, विराटनगर

## प्रस्ताव आह्वान सम्बन्धि सूचना

**प्रथम पटक प्रकाशित मिति २०७६/०९/०७ गते**

यस निर्देशनालयको आ.व. २०७६/०७७ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार देहाय बमोजिमका कार्यक्रम कार्यान्वयनका लागि तोकिए बमोजिमका शर्तहरु पालना गर्ने गरी यस प्रदेशमा रहेका तपशिल अनुसारका साझेदार निकायहरुले सुचना प्रकाशित भएको मितिले १५ दिन भित्र "कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि २०७६" अनुसारको ढाँचामा प्रस्ताव पेश गर्नु हुन यो सुचना प्रकाशित गरिएको छ। साथै रित नपुगेको वा म्याद नाघी प्राप्त हुन आएका प्रस्तावहरु छनौट कार्यमा समावेश हुन नसक्ने व्यहोरा समेत जानकारी गराईन्छ।

थप जाकारीका लागि पशुपन्छी तथा मत्स्य विकास निर्देशनालयको फोन नं. ०२१-४७०९२४ मा सम्पर्क राख्नुर हुन वा भूमि व्यवस्था, कृषि तथा सहकारी मन्त्रालय प्रदेश नं. १, विराटनगरको वेभसाईट www.molmac.p1.gov.np बाट "कृषि व्यवसाय प्रवर्धन अनुदान कार्यविधि २०७६" डाउनलोड गरी जानकारी लिन सक्नु हुनेछ। साथै मिति २०७६/०४/२२ को सुचना अनुसार दिएको दरखास्तहरु यथावत कायम राखिएको व्यहोरा समेत अनुरोध छ।

**कार्यक्रम विवरण**

| क्र.स | कार्यक्रमको नाम | संख्या | अनुदान रकम रु. | प्रस्ताव पेश गर्न सक्ने सम्भावित साझेदार निकायहरु |
|---|---|---|---|---|
| १. | मत्स्य हयाचरी निर्माण एवं व्यवस्थापन कार्यक्रम | ३ | कुल लागतको ७५ % वा बढीमा ३० लाख प्रति ह्याचरी | • व्यवसायिक निजी कृषक/उद्यमी/फर्म<br>• कृषक समुह/समिति<br>• सहकारी संघ/संस्था<br>• व्यवसायिक संघ/संगठन/कम्पनी |
| २. | २००० लि. को चिलिङ भ्याट जेनेरेटर सहितमा अनुदान | ४ | कुल लागतको ७५% वा बढीमा १० लाख प्रति गोटा | • दुग्ध व्यवसायिक संघ/संस्था<br>• सहकारी संस्था<br>• फर्म/कम्पनी<br>• निजि उद्यमी/व्यवसायी |
| ३. | १००० लि. को चिलिङ भ्याट जेनेरेटर सहितमा अनुदान | ४ | कुल लागतको ७५% वा बढीमा ८ लाख प्रति गोटा | • दुग्ध व्यवसायिक संघ/संस्था<br>• सहकारी संस्था<br>• फर्म/कम्पनी<br>• निजि उद्यमी/व्यवसायी |
| ४. | गाई श्रोत केन्द्र स्थापना कार्यक्रम | १ | कुल लागतको ७५ % वा बढीमा ७५ लाख | • दुग्ध उत्पादक कृषक समुह/समिति<br>• कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था<br>• दुग्ध व्यवसायिक संघ/संस्था<br>• व्यवसायिक संघ/संगठन (पशुपालन क्षेत्रमा क्रियाशिल) |
| ५. | बाखा श्रोत केन्द्र स्थापना कार्यक्रम | १ | कुल लागतको ७५ % वा बढीमा ५० लाख | • कृषि/पशुपालनमा आवद्ध सहकारी संघ/संस्था<br>• बाखापालन व्यवसायिक संघ/संस्था<br>• बाखापालन कृषक समुह/समिति |

**प्रस्ताव साथ संलग्न हुनुपर्ने आवश्यक कागजातहरु:**

१ नेपाली नागरिकताको प्रमाण पत्रको प्रतिलिपी
२ फर्म दर्ता प्रमाण पत्रको प्रतिलिपी
३ पछिल्लो पटकको कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी
४ भ्याटरपान नं को प्रतिलिपी
५ समुह/सहकारी/संस्थाको हकमा संचालक समितिको निर्णय प्रतिलिपी एवं संचालक समितिका पदाधिकारीहरुको नागरिकता प्रतिलिपी अनिवार्य
६ हाल सालै तिरेको मालपोत रसिद सहित जग्गा धनिपुर्जाको प्रतिलिपी तथा ट्रेस नक्शा सहित
७ यदि जग्गा लिजमा लिएको भए मालपोत तिरेको रसिद सहित कम्तिमा १० बर्षे करारनामा कागज
८ एकाघरको परिवारको सदस्यको नामको जग्गा भए मालपोत तिरेको रसिद सहित मन्जुरी नामा पत्र
९ स्थानिय निकायका पशुसेवा शाखाको सिफारिस पत्र
१० सम्वन्धित विज्ञ केन्द्रको सिफारिस पत्र
११ निवेदनको ढाँचा तथा संक्षिप्त कार्ययोजना सम्वन्धित प्रस्ताव बुझाउने स्थान (कार्यालय) बाट प्राप्त गर्न सकिनेछ।

**प्रस्तावहरु बुझाउनसक्ने कार्यालयहरु**

१. पशुपन्छी तथा मत्स्य विकास निर्देशनालय, विराटनगर।
२. भेटेरिनरी अस्पताल तथा पशु सेवा विज्ञ केन्द्रहरु झापा, पाँचथर, धनकुटा, संखुवासभा, उदयपुर, ओखलढुंगा, सुनसरी तथा सम्पर्क कार्यालयहरु: ताप्लेजुङ, इलाम, तेह्रथुम, भोजपुर, खोटाङ र सोलुखुम्बु।

नेपाल समाचार पत्र - २०७६।९।७ मा प्रकाशित